# नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रालयको
# सूचना

## राष्ट्रिय प्रसारण (पाँचौ संशोधन) नियमावली, २०६९

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "राष्ट्रिय प्रसारण (पाँचौ संशोधन) नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ मा संशोधनः राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को (१) खण्ड (क) र (घ) को सट्टा देहायको खण्ड (क) र (घ) राखिएका छन् :-

"(क) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था, व्यक्ति वा निजका आधिकारिक वितरकको सहमति लिनुपर्ने ।

तर निशुल्क वितरण गरिने च्यानलको हकमा सहमति लिन आवश्यक पर्ने छैन ।"

"(घ) प्रसारण संस्थाले नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका प्रसारण संस्थाबाट सञ्चालित कम्तीमा दुईवटा च्यानल प्रसारण गर्नुपर्ने र अन्य नेपाली राष्ट्रिय च्यानलहरुलाई प्रसारणमा प्राथमिकता दिनुपर्ने ।"

३. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण सँस्थाले आफूले गरेको वार्षिक कूल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्क वापत नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

स्पष्टीकरणः यस प्रयोजनको लागि "कूल आम्दानी" भन्नाले ऋण वा सापटी लिएको वा शेयर वापतको रकम बाहेक प्रसारण सँस्थालाई प्राप्त हुने जुनसुकै आयलाई जनाउँछ ।"

४. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को उपनियम (१)मा देहायको स्पष्टीकरण थपिएको छ :-

"स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "विवरण" भन्नाले इजाजतपत्र वा अनुमतिपत्रमा उल्लिखित नाम, थर, ठेगाना जस्ता सामान्य विवरण संम्झनु पर्छ ।

५. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ मा रहेका "हराएमा वा दैवी प्रकोप परी मासिएमा वा पुरानो भई च्यातिएमा वा नविकरण गर्ने ठाउँ समाप्त भएको " भन्ने शब्दहरुको सट्टा "हराएको , दैवि प्रकोप परी मासिएको वा पुरानो भई च्यातिएको " भन्ने शव्दहरु राखिएका छन् ।

आज्ञाले,
अवनीन्द्रकुमार श्रेष्ठ
नेपाल सरकारको सचिव